# खडक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर, सप्तरी
मधेश प्रदेश, नेपाल

फोन नं. : ०३१-५४००५४


पत्र संख्याः २०८२/०८३

च.नं. १६४४

मितिः२०८३/०२/१३

दोश्रो पटक प्रकाशित मिति २०८३/०२/१३

## आ.व. २०८२/०८३ को लागि कार्यक्रम संचालन गर्न सेवा प्रदायक संस्थावाट प्रस्ताव आह्वान सम्वन्धी सूचना

यस खडक न. पा. को चालु आ. व. २०८२/८३ को स्वीकृत लक्षित वर्ग अन्तर्गतका तपसिल वमोजिमका कार्यक्रम गैह्र सरकारी संस्थाहरु मार्फत संचालन गर्नुपर्ने भएकोले सो का लागि ईच्छुक गैह्र सरकारी संस्थाहरुसंग शिलवन्दी प्रस्ताव आह्वान गरिएको छ ।प्रथम पटक प्रकाशित सूचना वमोजिम प्राप्त दरखास्तहरुमा अनुभवको प्रमाणपत्र पेश हुन नसकेकोले दोश्रो पटक पूनः सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र नगरकार्यपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

तपसिल

| सि.नं. | कार्यक्रमको नाम | सहभागी संख्या/दिन | कार्यक्षेत्र | वजेट रकम रु. |
|---|---|---|---|---|
| १ | व्युटिसियन तालिम | ३३जना/३०दिन | नगरपालिका क्षेत्र | ४,०९,६८०।०० |

शर्तहरु

१) संस्था दर्ताको प्रमाण पत्र,२०८१/०८२ को कर चुक्ता प्रमाणपत्र, र प्यान/भ्याटमा दर्ता भएको प्रमाण पत्र सहित पेश गर्नु पर्नेछ ।

२) यस नगरपालिका कार्यालयमा सूचिकृत भएको हुनुपर्ने छ ।

३) संघ संस्थाले सम्बन्धित कार्य गर्ने प्राविधिक प्रशासनिक जनशक्तिको शैक्षिक योग्यताको प्रमाणपत्र साथै कार्य अनुभवको प्रमाण पत्र अनिवार्य पेश गर्नुपर्ने छ ,

४) कार्यक्रम सम्वन्धी विस्तृत प्रस्ताव (TOR) यस नगरपालिकाको Website www.khadakmun.gov.np वाट Download गर्न सकिने छ ।

५) प्रस्ताव दाताको प्रस्ताव स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस नगरकार्यपालिकाको कार्यालमा निहित रहने छ,

६) अन्य कुराको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

७) विस्तृत जानकारीको लागि सम्पर्क नं. ९८०५९३९९४९

(मो. जाकिर हुसेन)
सामाजिक विकास शाखा प्रमुख

कुल अनुमानित बजेट

| विवरण | रकम (रु.) |
|---|---|
| कुल अनुमानित खर्च | ४,०९,६८०/- |
| अक्षरूपी | चार लाख नौ हजार छ सय असी रुपैयाँ मात्र |

## ८. कार्यक्रम कार्यान्वयन प्रक्रिया

कार्यक्रम स्वीकृति पश्चात सहभागी छनोट, प्रशिक्षक व्यवस्थापन, आवश्यक सामग्री खरिद, तालिम सञ्चालन, अनुगमन तथा मूल्याङ्कन गरी तालिम सम्पन्न गरिनेछ। सम्पूर्ण खरिद प्रक्रिया प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा स्थानीय सरकारको आर्थिक कार्यविधि अनुरूप गरिनेछ।

## ९. निष्कर्ष तथा सिफारिस

उक्त ३० दिने "सौन्दर्य पार्लर सीप विकास तालिम कार्यक्रम" महिला सशक्तीकरण, स्वरोजगार प्रवर्द्धन तथा आयआर्जन वृद्धिका दृष्टिले अत्यन्त महत्वपूर्ण कार्यक्रम भएकोले खड्क नगरपालिकाको स्वीकृत कार्यक्रम अन्तर्गत सञ्चालन गरिनु उपयुक्त देखिन्छ। यस कार्यक्रमबाट स्थानीय महिला तथा युवतीहरूलाई सीपयुक्त, सक्षम र आत्मनिर्भर बनाउन महत्वपूर्ण योगदान पुग्ने विश्वास लिइएको छ।

अतः प्रस्तुत विस्तृत प्रस्ताव तथा संलग्न बजेट विवरण अनुसार कार्यक्रम सञ्चालन गर्न आवश्यक स्वीकृति प्रदान गरिदिनुहुन विनम्र अनुरोध गरिन्छ।

तयार गर्ने:

कार्यक्रम अधिकृत

**मो. जाकिर हुसेन**
**सामाजिक विकास**
**शाखा प्रमुख**

स्वीकृत गर्ने:

प्रमुख प्रशासकीय अधिकृत

**हरेन्द्र कुमार श्रेष्ठ**
**प्रमुख प्रशासकीय अधिकृत**

खड्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर, सप्तरी
मधेश प्रदेश, नेपाल
२०७३

खड्क नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कल्याणपुर, सप्तरी

प्रस्तावना पत्र

# ३० दिने सौन्दर्य पार्लर सीप विकास तालिम कार्यक्रम सञ्चालन सम्बन्धी विस्तृत प्रस्ताव

मितिः २०८३/०१/२८

विषयः ३० दिने "सौन्दर्य पार्लर सीप विकास तालिम कार्यक्रम" सञ्चालनका लागि स्वीकृति सम्बन्धी विस्तृत प्रस्ताव।

पेश गरिने निकायः
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
खड्क नगरपालिका
कल्याणपुर, सप्तरी

मो. जाकिर हुसैन
सामाजिक विकास
शाखा प्रमुख

खड्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर, सप्तरी
मधेश प्रदेश, नेपाल
२०७३

## १. पृष्ठभूमि

नेपालमा बढ्दो बेरोजगारी, सीमित रोजगारीका अवसर तथा आर्थिक असमानताका कारण विशेषगरी महिला तथा युवतीहरू स्वरोजगारमुखी सीपमूलक तालिमको खोजीमा रहेका छन्। स्थानीय स्तरमा साना तथा घरेलु उद्यममार्फत आयआर्जन गर्ने सम्भावना बढ्दो क्रममा रहेको सन्दर्भमा सौन्दर्य पार्लर व्यवसाय एक प्रभावकारी तथा दिगो व्यवसायका रूपमा विकास भइरहेको छ।

खड्क नगरपालिकाभित्र रहेका महिला, युवती, बेरोजगार तथा विपन्न वर्गका नागरिकलाई आत्मनिर्भर, स्वरोजगारमुखी तथा उद्यमशील बनाउन व्यावहारिक र बजारमुखी सीप प्रदान गर्नु आवश्यक देखिएको छ। यसै उद्देश्यलाई मध्यनजर गर्दै "३० दिने सौन्दर्य पार्लर सीप विकास तालिम कार्यक्रम" सञ्चालन गर्न प्रस्ताव गरिएको हो।

यस तालिममार्फत सहभागीहरूले फेसियल, हेयर कटिङ, मेकअप, हेयर स्टाइलिङ, मेहेन्दी, थ्रेडिङ, वाक्सिङ, नेल केयर लगायतका आधारभूत तथा व्यावसायिक सीप हासिल गर्नेछन्। तालिम पश्चात सहभागीहरूले आफ्नै व्यवसाय सञ्चालन गर्न, स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न तथा परिवारको आर्थिक अवस्था सुधार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## २. कार्यक्रम सञ्चालन गर्नुको औचित्य

देहायका कारणहरूले उक्त तालिम कार्यक्रम सञ्चालन गर्नु आवश्यक तथा औचित्यपूर्ण देखिन्छः

1. **महिला सशक्तीकरणका लागिः** महिलाहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउने।
2. **स्वरोजगार प्रवर्द्धनका लागिः** तालिमपछि आफ्नै व्यवसाय सञ्चालन गर्ने क्षमता विकास गर्ने।
3. **बेरोजगारी न्यूनीकरणका लागिः** स्थानीय स्तरमै आयमूलक गतिविधिमा संलग्न गराउने।
4. **सीप विकासका लागिः** बजारमा माग भएको व्यावसायिक सीप हस्तान्तरण गर्ने।
5. **आर्थिक सुदृढीकरणका लागिः** घरपरिवारको आम्दानी वृद्धि गर्न सहयोग पुर्‍याउने।
6. **उद्यमशीलता विकासका लागिः** सहभागीहरूलाई सानो लगानीबाट व्यवसाय सुरु गर्न प्रेरित गर्ने।
7. **स्थानीय सेवा उपलब्धताका लागिः** स्थानीय स्तरमै सौन्दर्य सेवा विस्तार हुने

## ३. कार्यक्रमको उद्देश्य

### ३.१ मुख्य उद्देश्य

खड्क नगरपालिकाभित्रका महिला तथा युवतीहरूलाई व्यावसायिक सौन्दर्य पार्लर सम्बन्धी सीप प्रदान गरी स्वरोजगार तथा आयआर्जनमा अभिवृद्धि गर्नु।

### ३.२ विशिष्ट उद्देश्यहरू

- सौन्दर्य पार्लर सम्बन्धी आधारभूत तथा व्यावसायिक ज्ञान प्रदान गर्ने।

मो. जाकिर हुसेन
सामाजिक विकास
शाखा प्रमुख

- सहभागीहरूलाई व्यवसाय सञ्चालन गर्न सक्षम बनाउने।
- स्थानीय स्तरमा रोजगार सिर्जना गर्ने।
- सहभागीहरूलाई व्यावहारिक अभ्यासमा आधारित सीप हस्तान्तरण गर्ने।
- महिलाहरूको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्ने।

## ४. कार्यक्रमको विवरण

| विवरण | जानकारी |
|---|---|
| कार्यक्रमको नाम | सौन्दर्य पार्लर सीप विकास तालिम |
| स्थान | कल्याणपुर, सप्तरी |
| अवधि | ३० दिन |
| सहभागी संख्या | ३३ जना |
| प्रशिक्षक संख्या | २ जना |
| लक्षित समूह | महिला, युवती, बेरोजगार तथा विपन्न वर्ग |
| कार्यक्रमको प्रकृति | सीपमूलक तथा व्यावहारिक तालिम |

## ५. तालिममा समावेश गरिने विषयवस्तु

तालिम अवधिभर निम्न विषयहरूमा सैद्धान्तिक तथा व्यावहारिक प्रशिक्षण प्रदान गरिनेछः

- व्यक्तिगत सरसफाइ तथा पेशागत अनुशासन
- छालाको हेरचाह (Skin Care)
- फेसियल तथा क्लिनअप
- आधारभूत तथा व्यावसायिक मेकअप
- हेयर कटिङ तथा हेयर स्टाइलिङ
- हेयर स्ट्रेटनिङ तथा कर्लिङ
- हेयर कलरिङ
- मेहेन्दी कला
- थ्रेडिङ तथा वाक्सिङ
- नेल केयर तथा नेल पॉलिसिङ
- ग्राहक सेवा तथा व्यवहार

मो. जाकिर हुसेन
सामाजिक विकास
शाखा प्रमुख

- व्यवसाय सञ्चालन सम्बन्धी आधारभूत ज्ञान

## ६. अपेक्षित उपलब्धि

उक्त तालिम कार्यक्रम सञ्चालन पश्चात निम्न उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छः

- ३३ जना सहभागीहरूले सौन्दर्य पार्लर सम्बन्धी व्यावसायिक सीप हासिल गर्नेछन्।
- सहभागीहरू स्वरोजगार वा रोजगारमा संलग्न हुन सक्षम हुनेछन्।
- महिला तथा युवतीहरूको आर्थिक अवस्था सुधार हुनेछ।
- स्थानीय स्तरमा सौन्दर्य सेवाको पहुँच विस्तार हुनेछ।
- घरेलु तथा साना उद्यमको विकासमा टेवा पुग्नेछ।

## ७. विस्तृत अनुमानित बजेट विवरण

### क) खाजा तथा खाना सम्बन्धी खर्च

| क्र.सं. | खर्चको विवरण | इकाई | परिमाण | दर (रु.) | रकम (रु.) |
|---|---|---|---|---|---|
| 1 | सहभागीहरूको खाना खर्च (दैनिक) | जनादिन | 990 | 150 | 148,500 |
| 2 | प्रशिक्षकको खाना खर्च (दैनिक) | जनादिन | 60 | 250 | 15,000 |
| 3 | उद्घाटन तथा समापन कार्यक्रमको खाजा | जना | 30 | 200 | 6,000 |
| | उप-जम्मा | | | | **169,500** |

### ख) प्रशिक्षक पारिश्रमिक

| क्र.सं. | खर्चको विवरण | इकाई | परिमाण | दर (रु.) | रकम (रु.) |
|---|---|---|---|---|---|
| 4 | प्रशिक्षकको दैनिक पारिश्रमिक (प्रशिक्षक १) | दिन | 30 | 1,500 | 45,000 |
| 5 | प्रशिक्षकको दैनिक पारिश्रमिक (प्रशिक्षक २) | दिन | 30 | 1,500 | 45,000 |
| 6 | प्रशिक्षण सामग्री तयारी भत्ता | एकमुष्ट | 1 | 3,000 | 3,000 |
| | उप-जम्मा | | | | **93,000** |

### ग) प्रचार–प्रसार सामग्री

| क्र.सं. | खर्चको विवरण | इकाई | परिमाण | दर (रु.) | रकम (रु.) |
|---|---|---|---|---|---|
| 7 | ब्यानर (Banner) ठूलो | थान | 2 | 1,000 | 2,000 |

मो. जाकिर हुसैन
सामाजिक विकास
शाखा प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | उप-जम्मा | | | | **2,000** |

घ) सौन्दर्य प्रसाधन तथा उपकरण

| क्र.सं. | खर्चको विवरण | रकम (रु.) |
|---|---|---|
| 9 | हेयर स्ट्रेटनर | 12,500 |
| 10 | हेयर ड्रायर | 9,000 |
| 11 | कर्लिङ आइरन | 6,600 |
| 12 | फेस क्रिम विभिन्न प्रकार | 8,750 |
| 13 | मोइस्चराइजर | 6,000 |
| 14 | फाउन्डेशन विभिन्न सेड | 9,900 |
| 15 | लिपस्टिक सेट | 4,000 |
| 16 | आइ सेडो प्यालेट | 4,800 |
| 17 | मस्कारा | 2,500 |
| 18 | आइलाइनर | 2,250 |
| 19 | नेल पोलिस सेट | 2,500 |
| 20 | मेहेन्दी कोन | 1,080 |
| 21 | शाम्पु | 4,000 |
| 22 | कन्डिसनर | 2,250 |
| 23 | हेयर कलर | 3,500 |
| 24 | हेयर ओइल | 1,750 |
| 25 | फेसवास | 3,000 |
| 26 | स्क्रब | 2,500 |
| 27 | वेक्सिङ किट | 4,000 |

मो. जाकिर हुसेन
सामाजिक विकास
शाखा प्रमुख

| | | |
|---|---|---|
| 28 | थ्रेडिङ धागो | 1,000 |
| 29 | कैंची | 3,500 |
| 30 | कोम्ब तथा ब्रस सेट | 4,400 |
| 31 | क्लिप तथा पिन सेट | 2,200 |
| 32 | कटन प्याड | 1,500 |
| 33 | टिस्यु पेपर | 1,600 |
| 34 | एप्रन | 6,600 |
| 35 | ग्लोभ्स | 2,000 |
| 36 | मिरर ठूलो | 4,800 |
| 37 | फेस वास बेसिन तथा ट्रे | 1,500 |
| | उप-जम्मा | **111,980** |

ङ) फर्निचर तथा उपकरण भाडा

| क्र.सं. | खर्चको विवरण | रकम (रु.) |
|---|---|---|
| 38 | कुर्सी भाडा | 5,000 |
| 39 | टेबल भाडा | 5,000 |
| | उप-जम्मा | **10,000** |

च) कार्यालय तथा प्रशासनिक खर्च

| क्र.सं. | खर्चको विवरण | रकम (रु.) |
|---|---|---|
| 42 | उपस्थिति रजिस्टर तथा स्टेशनरी | 3,000 |
| 43 | सहभागी प्रमाण पत्र छपाई | 2,200 |
| 47 | विविध खर्च | 10,000 |
| | उप-जम्मा | **15,200** |

मो. जाकिर हुसेन
सामाजिक विकास
शाखा प्रमुख